प्रदेश सरकार
लुम्बिनी प्रदेश
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
बुटवल, नेपाल

मितिः २०७८/०५/११

**प्रेस विज्ञप्ति।।।**

आज मिति २०७८।०५।११ गते शुक्रबार दिउसो १:३० बजेको समयमा राप्ती प्रादेशिक अस्पताल तुल्सिपुर, दाङका मे. सु डा बिनोद कुमार सिंहलाई उहाँको कार्यकक्षस्थलमा केही अराजक व्यक्तिहरुद्वारा गरिएको दुर्व्यवहार प्रति यस मन्त्रालय खेद प्रकट तथा घोर भर्त्सना व्यक्त गर्दछ।

समग्र स्वास्थ्य प्रणाली, चिकित्सक तथा स्वास्थ्यकर्मीहरु यस महामारीमा अहोरात्र दिनरात नभनी अग्रपङक्तिमा खटेर कोभिड १९ विरूद्ध लडिरहेको अवस्थामा उहाँहरुको मनोबल बढाउनु सेवा प्रवाहका सन्दर्भमा रचनात्मक सल्लाह प्रदान गर्नु र सामुदायिक अपनत्व सिर्जना गर्नुको साटो केहि अराजक झुण्ड व्यक्तिहरुले अस्पताल जस्तो गरिमामय पवित्र स्थलमा गरिएको व्यवहारले लज्जित तुल्याएको छ।

यस्ता घटनाले चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको मनोबल गिराउने र अस्पतालको सेवा प्रवाहमा थप असर हुने सिवाय अरु केहि उपलब्धि नहुने भएकाले सम्पूर्ण नागरिक समाज बुवा आमा दाजुभाई तथा दिदी बहिनीलाई यस्तो विषम घडिमा उच्च नैतिक मूल्य र मान्यता कायम गर्दै सम्पूर्ण अस्पताल परिवार र चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको पक्षमा उभिन आव्हान गर्दछौं।

यस घटनामा संलग्न जो कोहिलाई कानुनको दायरामा ल्याई कडा भन्दा कडा सजाय दिनुका साथै भविष्यमा यस्ता अराजक गतिविधीहरुको पुनरावृत्ति हुन नदिन स्थानीय प्रशासन, सुरक्षा निकाय, नागरिक समाज लगायत सम्बन्धित सबैमा मन्त्रालय हार्दिक अपील गर्दछ ।

२०७८/०५/११

डा पुष्पराज पौडेल
प्रवक्ता
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय